# नेपाल आयल निगम लिमिटेड

## खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम एवं परीक्षा योजना

**स्तर** : सहायक, **सेवा** : अप्राविधिक, **समूह** : लेखा, **तह** : ५, **पद** : वरिष्ठ सहायक (लेखा)

**यस पाठ्यक्रम योजनालाई दुई चरणमा विभाजन गरिएको छ :**

प्रथम चरण :- लिखित परीक्षा, पूर्णाङ्क : २००

द्वितीय चरण :- अन्तर्वार्ता, पूर्णाङ्क : ३०

| **प्रथम चरण :- लिखित परीक्षा योजना** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पत्र | विषय | परीक्षा प्रणाली | प्रश्न संख्या | अंक भार | पूर्णाङ्क | उत्तीर्णाङ्क | समय |
| प्रथम | सामान्य ज्ञान | बस्तुगत बहुउत्तर | २५ | २ | १०० | ४० | २ घण्टा |
| | | छोटो उत्तर | ६ | ५ | | | |
| | | लामो उत्तर | २ | १० | | | |
| द्वितीय | सेवा सम्बन्धी | छोटो उत्तर | १६ | ५ | १०० | ४० | ३ घण्टा |
| | | लामो उत्तर | २ | १० | | | |
| **द्वितीय चरण :- अन्तर्वार्ता** | | | | | | | |
| अन्तर्वार्ता | | | | | ३० | | |

**द्रष्टव्य :**

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।
२. प्रथम पत्र र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ ।
३. प्रत्येक पत्रको लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरू हुनेछन् । परिक्षार्थीले प्रथम पत्रको बस्तुगत बहुउत्तर र विषयगत उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । साथै द्वितीय पत्रको प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।
४. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।
५. प्रथम चरणको परीक्षाबाट छनौट भएका उम्मेदवारहरूलाई मात्र द्वितीय चरणको अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।
६. वस्तुगत बहुबैकल्पिक प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तरवापत २०% अंक कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यसबापत अंक कट्टा गरिनेछैन ।
७. पाठ्यक्रम लागू मिति : **२०७४ असोज २२ गते देखि**

**प्रथम पत्र - समान्य ज्ञान**

१. नेपालको संवैधानिक विकासक्रम ।

२. नेपालको ऐतिहासिक, आर्थिक, सामाजिक, साहित्यिक, सांस्कृतिक विषय ।

३. विज्ञानका महत्वपूर्ण उपलब्धिहरू सम्बन्धी सामान्य जानकारी ।

४. नेपालका भूगोल (भौगोलिक स्थिति) धरातलीय स्वरुप, जलवायु, हावापानी, जनजीवनमा वातावरणको प्रभाव सम्बन्धी विषय ।

५. नेपालका राजनैतिक विभाजन र यसका आधारहरु

६. नेपालका विकासका पूर्वाधारहरु (शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, खानेपानी, विद्युत तथा अन्य ऊर्जाका श्रोतहरु आदि) का विकासको अवस्था

७. नेपाली समाजका परम्परा, सामाजिक मूल्य र मान्यता, धर्म, जातजाति, भाषा सम्बन्धी विषय ।

८. नेपालको वर्तमान शासनपद्धति - (संवैधानिक अङगहरु, मौलिक हक र कर्तव्य, राज्यका निर्देशक सिध्दान्त तथा नीतिहरु, व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको गठन विधि)

९. सामुदायिक स्वास्थ्यका अवधारणा र यस सम्बन्धमा रहेको नेपाल सरकारका प्रमुख व्यवस्थाहरू

१०. नेपालको जनसङख्या परिवर्तन र जनसङख्या व्यवस्थापन

११. नेपालमा पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्थापन, भण्डारण र ढुवानी सम्बन्धी व्यवस्था ।

१२. पेट्रोलियम पदार्थ र यसबाट वातावरणमा पर्ने असर, प्रभाव, समस्या र समाधानका उपायहरू

१३. नेपालमा पेट्रोलियम पदार्थको बिक्री वितरणको अद्यावधिक स्थिति

१४. नेपाल आयल निगमको काम, कर्तव्य र अधिकार सम्बन्धी जानकारी ।

**<u>द्वितीय पत्र - सेवा सम्बन्धी</u>**

**खण्ड-क : लेखा प्रणाली - अंक ४० (६ प्रश्न × ५ अंक र १ प्रश्न × १० अंक)**

१. लेखाको अर्थ, उद्देश्य, महत्व, लेखा शब्दावलीहरु तथा लेखा अवधारणा । सिध्दान्तहरु ।
२. दोहोरो लेखा प्रणाली सम्बन्धी जानकारी ।
३. सरकारी लेखा प्रणाली र व्यवसायिक लेखाप्रणाली सम्बन्धी जानकारी ।
४. गोश्वारा भौचर तयारी तथा आर्थिक कारोबारका प्रमाणहरु तथा तिनको तयारी विधि ।
५. मुख्य खाताहरु तथा सहायक खाताहरु तयारी ।
६. मुख्य तथा सहायक खाताहरुमा भौचर प्रविष्टी
७. आवधिकरुपमा खाताबन्दीसम्बन्धी जानकारी ।
८. सालतमामीमा खाताबन्दीपूर्व मिलाउनु पर्ने प्रविष्टीहरु ।
९. ह्रासकट्टीका प्रकारहरु एवं ह्रासकट्टी गर्ने तथा भौचर प्रविष्टी गर्ने तरिका ।
१०. हिसाब परीक्षा सूची तयारी ।
११. अन्तिम खाताहरुको तयारी ।
१२. ब्याज, एन्युटी, प्रतिशत, औषत र नाफा नोक्सान गणना गर्ने तरिका ।
१३. बैंक रिकन्सिलेशन बिबरण

**खण्ड-ख : लेखापालन सम्बन्धी पुरक विषयबस्तुहरु** - अंक ४० (६ प्रश्न × ५ अंक र १ प्रश्न × १० अंक)

१. आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण सम्बन्धी जानकारी
२. सदाचार तथा आर्थिक अनुशासनको आवश्यकता र महत्व ।
३. चेकका प्रकारहरू, बैंक ओभरड्राफ्ट, बैंक ग्यारेण्टी, विनिमय पत्र (Bill of Exchange) सम्बन्धी जानकारी ।
४. जिन्सी स्रेस्ता प्रणाली, राजश्व स्रेस्ता प्रणाली र धरौटी स्रेष्ता प्रणाली ।
५. बजेट परिचय तथा तर्जुमा विधि ।
६. नेपालको संविधानः आर्थिक कार्य प्रणाली ।
७. सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ सम्बन्धी सामान्य जानकारी ।
८. नेपाल आयल निगम लिमिटेडको आर्थिक प्रशासन तथा खरीद सम्बन्धी विनियमावली, २०६४ ।
९. नेपाल आयल निगम लिमिटेड प्रबन्धपत्र तथा नियमावली ।
१०. नेपाल आयल निगम लिमिटेडको कर्मचारी प्रशासन विनियमावली, २०६३ (पदपूर्ति, सेवा सुविधा, विदा, आचरण तथा सजाय सम्बन्धी व्यवस्था)
११. पेट्रोलियम पदार्थ ढुवानी विनियमावली, २०७३
१२. नेपाल आयल निगम लिमिटेडको बिक्रेता विनियमावली, २०७३
१३. नेपाल आयल निगम लिमिटेडको एल.पि.ग्यास ढुवानी विनियमावली, २०७३
१४. राजस्व प्रशासन (कर, भंसार, मूल्य अभिवृद्धि कर तथा आयकर) सम्बन्धी जानकारी।
१५. सूचनाको हक सम्बन्धी ऐन, २०६४
१६. लेखापरीक्षण ऐन, २०४८

**खण्ड-ग : कार्यालय कार्यविधि - अंक २० (४ प्रश्न × ५ अंक )**

१. दर्ता र चलानी, प्रतिवेदन, टिप्पणी लेखन ।
२. पत्रहरूको वर्गीकरण, फाईलिङ्ग, पंजिका एवं पत्राचार सम्बन्धी जानकारी ।
३. कार्यालय र कार्यालय व्यवस्थापनको अवधारणा र महत्व ।
४. अभिलेख व्यवस्थापनको अर्थ, उद्देश्य र महत्व ।
५. कार्यालय व्यवस्थापनमा कम्प्यूटर प्रणालीको आवश्यकता र महत्व ।
६. कम्प्यूटर संचालन तथा प्रयोग सम्बन्धी जानकारी ।
७. कार्यालयमा संचारको महत्व, प्रकार र माध्यम एवं जनसम्पर्क व्यवस्था ।

***